गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।
- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन्,
- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- सम्पूर्ण तराई 'लू'को चपेटामा छ,
- आवश्यक काम नपरी बाहिर ननिस्कौं,
- बाहिर निस्कनै परे छाता लिएर, टाउकोमा गम्छा राखेर, प्रशस्त पानी खाएर निस्कौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख २१ गते शुक्रवार // मूत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 May 03 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४०

## एमाले, पर्साको अध्यक्षमा डा शर्मा निर्विरोध निर्वाचित

प्रस, वीरगंज, २० वैशाख/

नेकपा (एमाले) पर्साको अध्यक्षमा डा विश्वम्भर शर्मा सर्वसम्मत निर्वाचित भएका छन् ।

अध्यक्ष पदमा उम्मेदवारी दिएका कुणाल महतो थारु र हनिफ मियाँले बिहीवार उम्मेदवारी फिर्ता लिएपछि डा शर्मा निर्विरोध अध्यक्षमा निर्वाचित भएका हुन् । उनी यसअघि एमाले पर्साको संयोजक थिए ।

यसैगरी, उपाध्यक्षमा लालबाबू शेख र मनोज गुप्ता चुनावी प्रतिस्पर्धामा देखिएका छन् । सचिवमा महेश दास र नवराज शर्मा, सहसचिवमा पुरुषतर्फ रामकिशोर सिंह 'पराग', इमरान हुसेन र नविजान अन्सारी गरी तीनजना प्रतिस्पर्धामा छन् भने महिलातर्फ सीता लामा र गीता भण्डारी गरी दुईजना चुनावी प्रतिस्पर्धामा छन् ।

१४ पालिकामध्ये वीरगंज महानगर, पर्सागढी, सखुवाप्रसौनी गरी चारवटा पालिकाबाहेक १० वटा पालिकामा सर्वसम्मत सदस्य चयन भएका छन् । एमालेको भ्रातृ सङ्गठनमध्ये मजदूर सङ्गठनको जिफन्ट, पेशागत महासङ्घ र अपाङ्ग महासङ्घमा निर्विरोध सदस्य चयन भएका छन् भने युवा, महिला, दलितबाट सदस्यका लागि निर्वाचन हुने भएको छ ।

वैशाख १७ गते नवौं जिल्ला अधिवेशनको उद्घाटन भएको र त्यसपछि बन्दसत्र र निर्वाचन प्रक्रिया शुरू भएकोमा बिहीवार उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन भएर स्थगित भएको छ र शुक्रवार बिहान ११ बजेदेखि निर्वाचन हुने तालिका सार्वजनिक गरिएको छ ।

एमाले, पर्सा दुई गुटमा विभाजित भएको छ । एउटा गुटको नेतृत्व केन्द्रीय सदस्य रामचन्द्र गुप्ता, अरविन्द सिंह र प्रदेश उपाध्यक्ष विचारी यादव, बसरुद्दीन अन्सारी, पूर्वनगरप्रमुख विजय सरावगी रहेका छन् भने अर्को गुटको नेतृत्व केन्द्रीय सदस्य प्रभु हजरा, निर्मला देवकोटा लगायतले गरेका छन् ।

गुटबाजी भएकै कारण सहमतिको प्रयास अन्तिम समयसम्म सफल हुन सकेन । अध्यक्षमा सहमति भएर दुईजनाले उम्मेदवारी फिर्ता लिए पनि अन्य पदमा गुटगतरूपमा निर्वाचन हुँदैछ । अहिलेसम्म हजरा र देवकोटा पक्ष बलियो देखिएका छन् र त्यसैका उम्मेदवारहरू निर्वाचित हुने सम्भावना रहेको एकजना एमाले नेताले बताए ।


डा विश्वम्भर शर्मा

## मनोज ग्याँसद्वारा शिक्षकलाई एक वर्षको तलब सहयोग



तस्वीर: सौजन्य

प्रस, परवानीपुर, २० वैशाख/

मनोज ग्याँस उद्योग प्रालि, परवानीपुरले व्यावसायिक, सामाजिक जिम्मेवारी अन्तर्गत वीरगंज-२१ सुखचैनास्थित नेरा गीताग जेन्द्रराज जोशी माध्यमिक विद्यालयका एकजना शिक्षकको एक वर्षको तलबबापतको रकम रु एक लाख ४४ हजार सहयोग गरेको छ ।

बिहीवार एक कार्यक्रमबीच मनोज ग्याँसका सञ्चालक मनोजकुमार दासले उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका थिए । वडाध्यक्ष राधाकृष्ण रौनियारको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक सुनील झा र स्वागत प्रधानाध्यापक अरविन्दकुमार लालले गरेका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा स्थानीय समाजसेवी जीतेन्द्र कुर्मी, विद्यालय व्यवस्थापन समितिका सदस्य सरोज यादवलगायतको सहभागिता थियो ।

यस अघि आव २०७९/८० मा २०७९ चैत २२ गते मनोज ग्याँसले शिक्षकको एक वर्षको तलब सहयोगार्थ रु एक लाख ४४ हजार उपलब्ध गराएको उद्योग प्रशासनले जानकारी गराएको छ ।

## जेठ ३ गते पर्सा पूर्ण खोप घोषणा हुने: सरोकारवालाको बैठक

प्रस, परवानीपुर, २० वैशाख/

मधेस प्रदेशको सुदूरपश्चिम जिल्लाको रूपमा चिनिने पर्सा जिल्ला अन्ततः पूर्णखोप घोषणा भएको छ । जिल्ला खोप समन्वय समिति, पर्साका सचिवालय संयोजक एवं प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको संयोजकत्वमा बिहीवार बसेको सरोकारवालाको बैठकले जेठ ३ गते पूर्णखोप घोषणा गर्ने विषयमा छलफल एवं पूर्वतयारीका लागि निर्णय गरेको छ ।

यसअघि, पर्साका १४ वटा पालिकामध्ये १० वटा पहिले नै पूर्णखोप घोषणा भइसकेका छन् भने चारवटा पालिका पकाहामैनपुर, विन्ध्यवासिनी, कालिकामाई र धोबिनी गाउँपालिका केही महीनाअघि घोषणा भइसकेकाले प्रदेश स्वास्थ्य निर्देशनालयमा जिल्ला पूर्णखोप घोषणाको लागि सिफारिश भएकोमा जेठ ३ गते समय तोकिएकोले पूर्णखोप घोषणा गर्ने निधो भएको हो ।


तस्वीर: प्रतीक

सो कार्यक्रममा खोप र अन्य स्वास्थ्यसम्बन्धी सेवाका विषयमा उत्कृष्ट कार्यसम्पादन गर्ने पालिकाहरूलाई सम्मानसमेत गर्ने बताएको छ ।

यसैगरी, बैठकले जेठ १३ गतेदेखि पर्सामा पोलियोविरुद्धको खोप (आइपिभी) अभियान पनि सञ्चालन गर्ने निर्णय गरेको छ । २०७३ जेठ मसान्तदेखि २०७५ चैत मसान्तभित्र जन्मेका बालबालिकालाई पोलियोविरुद्धको खोप खोप लगाइनेछ । पर्साका विभिन्न सरकारी र निजी विद्यालयसँगै अतिरिक्त खोप केन्द्र स्थापना गरी करीब एक लाख ४४ हजारको हाराहारीमा बालबालिकाहरूलाई आइपिभी खोप लगाउने स्वास्थ्य कार्यालय, पर्साको तयारी छ ।

कार्यक्रममा स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साह, नारायणी अस्पतालका प्रवक्ता डा उदयनारायण सिंह, शिक्षा विकास तथा समन्वय एकाइ पर्साका निमित्त एकाइ प्रमुख श्यामकिशोर प्रसाद, नेरेसो पर्साका शाखा अधिकृत वीरशम्शेरप्रसाद कुर्मी, खोपदूत प्रकाश थारु, पर्साका उपअनुसन्धान निर्देशक दिलीपकुमार सिंह, वीरगंज महानगर स्वास्थ्य शाखा प्रमुख अनिल यादवलगायतको सहभागिता थियो ।

## नबिल बैंक चोरी प्रकरण: तीनजना भारतीयसहित पाँचजना पक्राउ

प्रस, परवानीपुर, २० वैशाख/

गत आइतवार राति वीरगंजको बाइपास सडकस्थित नबिल बैंकको शाखाबाट रु एक करोड ३४ लाख ६५ हजार चोरी भएको घटनामा तीनजना भारतीयसहित दुईजना नेपाली पक्राउ परेका छन् ।


भारतको मोतिहारी प्रहरीले पत्रकार सम्मेलन गरी अभियुक्त र नगद सार्वजनिक गर्दै । तस्वीर: सौजन्य

नेपाल तथा भारतका प्रहरीले अनुसन्धानको क्रममा तीनजना भारतीयसहित दुईजना नेपालीलाई पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले रौतहटबाट दुईजना नेपालीलाई वैशाख १८ गते बिहान २ बजे पक्राउ गरिएको बताए । उनका अनुसार रौतहट मौलापुर नगरपालिका-७ बस्ने २३ वर्षीय छोटेलाल साह कलवार, २६ वर्षीय सञ्जय साह भन्ने विश्वम्भर साहलाई पक्राउ गरिएको छ ।

त्यसैगरी, पर्सा प्रहरीले भारतीय प्रहरीसँग समन्वय गरी भारतबाट तीनजनालाई नेरु १८ लाख नेपालीसहित पक्राउ गरेको जनाएको छ । बिहार पुलिस मातहतको पूर्वी चम्पारण मोतिहारीका एसपी कान्तेशकुमार मिश्रले पत्रकार

(बाँकी पाँचौं पातामा)

## ११९ जनाद्वारा रक्तदान



तस्वीर: प्रतीक

प्रस, वीरगंज, २० वैशाख/

क्वाइनोनिया वीरगंज चर्चले बुधवार आयोजना गरेको रक्तदान कार्यक्रममा ११९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

कार्यक्रममा जेभिना महर्जन, विमला विभु, विवेक पटेल, प्रदीप पाल, रुक्साना खातुन, दिव्या ठाकुर, पुष्पा मिश्र साह, दीपेन्द्र श्रेष्ठ, विक्रम नेपाली, सागर यादव, विशेश्वर कुशवाहा, हजरा खातुन, सबु परवीन, मनकुमारी खड्का, गाभा बस्नेत, अजय श्रेष्ठ, राज भुजेललगायतले रक्तदान गरेका थिए ।

## पटेलनगरमा निश्शुल्क स्वास्थ्य शिविर


तस्वीर: सौजन्य

प्रस, परवानीपुर, २० वैशाख/

वीरगंज महानगरपालिका-२१ पटेलनगरमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । हिमालयन डिस्टिलरीको आर्थिक सहयोगमा जीवनरेखा समाज ललितपुर र नेशनल मेडिकल कलेजको संयुक्त आयोजनामा बुधवार सम्पन्न शिविरमा ७१९ जनाको स्वास्थ्य परीक्षण गरिएको छ ।

नेपाल राष्ट्रिय आधारभूत विद्यालय परिसरमा आयोजित शिविरमा १८७ पुरुष, १५७ महिला र ३७५ बालबालिका गरी ७१९ जनाको स्वास्थ्य परीक्षण गर्नुका साथै निश्शुल्क औषधि वितरण गरिएको शिविरका इन्चार्ज विकास गुप्ताले जानकारी दिए ।

शिविरमा जेनरल मेडिसिन, गाइनो, अर्थोपेडिक, दाँत, नाक, कान, घाँटी, मुटु, छालालगायत रोगबारे डा परवेज अन्सारी, डा प्रवीण साह, डा ओमप्रकाश पडित, डा अविनाश सिंह, डा फिरोज अन्सारी, डा स्वाति साह, डा सञ्जीवलगायतले चेकजाँच गरेका थिए ।

शिविरको उद्घाटन हिमालयन डिस्टिलरी प्रालिका जेनरल मेनेजर नवीन उपाध्यायले गरेका थिए । शिविरमा प्रअ लक्ष्मण साह, विद्यस अध्यक्ष निरञ्जन पटेल, लिपनीबिर्ता गाविसका पूर्वअध्यक्ष जतनराउत कुर्मी, एमाले नेता जलन्धर राउत कुर्मी लगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**केही मानिसलाई पराजित गर्नुछ भने तरबार बोकेर हिंड, सबैलाई पराजित गर्नुछ भने चरित्र बनाऊ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# विद्यालय भर्ना अभियान

**विद्यालय भर्ना अभियान वैशाख २० गतेदेखि सकिएको छ । देशभर यो अभियान नयाँ शैक्षिक सत्र शुरू भएपछि सञ्चालन गरिएको हो । बालबालिकाहरू विद्यालयबाहिर नरहून् र सबैलाई विद्यालयसम्म पुऱ्याउने लक्ष्यका साथ सरकारले विद्यालय भर्ना अभियान सञ्चालन गर्दै आएको छ। सरकारले सामुदायिक विद्यालयमा कक्षा १० सम्म निश्शुल्क शिक्षाको व्यवस्था गरेको छ । निश्शुल्क शिक्षा विद्यालयमा सबै तहका बालबालिकाहरूको उपस्थिति गराएर शिक्षामा पहुँच बढाउने सरकारको लक्ष्य हो । विक्रम संवत् २०८५ सम्म नेपाललाई साक्षर घोषणा गराउने लक्ष्यका साथ सबै बालबालिकालाई विद्यालय भर्ना गराउन अभियान शुरू गरिएको हो । पर्सा जिल्लामा पनि यो अभियान सञ्चालन गरिएको छ । सरकारी तथ्याङ्क अनुसार पर्सा जिल्लामा विद्यालयबाहिर बालबालिकाहरू छैनन्। तर उनीहरू विद्यालयमा टिकाउ नहुने गरेको तथ्याङ्क पनि छ । खासगरी दलित बालबालिकाहरू विद्यालयमा टिकाउ हुन नसकेको तथ्याङ्कबाट देखिन्छ । विद्यालय भर्ना हुने पुस्तक, पोशाक र छात्रवृत्ति लिने तर विद्यालयमा वर्ष दिनसम्म पनि टिकाउ नहुने समस्या देखिएको छ ।**

**यसो हुनुको कारण आर्थिकरूपमा पछि रहनु हो । आर्थिकरूपमा सम्पन्न गराउने काम यो समुदायलाई सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारले प्रयास गर्दै आए पनि प्रभावकारी साबित भएको छैन । कक्षा ६ सम्मका विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरिएको छ । दिवाखाजा प्रतिव्यक्ति १५ रुपैयाँ तोकिएको छ र साताव्यापी तालिका अनुसारको खाजा खुवाउन निर्देशन जारी छ। तर अहिलेको जमानामा प्रतिविद्यार्थी १५ रुपैयाँबाट तोकिएको तालिका अनुसार खाजा खुवाउन सकिने अवस्था छैन। केही विद्यालयले आन्तरिक स्रोत, पालिकाको सहयोगमा दिवाखाजा इमानदारिताका साथ सफल पार्दै आएका छन् भने यसैमा कतिपय विद्यालयहरूले भने अनियमितता पनि गर्दै आएको गुनासो छ । विद्यार्थी सङ्ख्याभन्दा बढी देखाएर खाजा, छात्रवृत्ति, पोशाक र पुस्तकमा केही विद्यालयका प्रधानाध्यापकहरूले अनियमितता गर्दै आएका छन्। निश्शुल्क शिक्षासहित सरकारले पुस्तक, पोशाक, छात्रवृत्ति र दिवाखाजाको व्यवस्था बालबालिकाहरूलाई शिक्षामा सहभागिता गराउने उद्देश्यले गरेको हो । तर पनि लक्षित समुदाय भने शिक्षा पहुँचबाट वञ्चित हुँदै आएका छन् ।**

**हिमाल, पहाड र तराईका जिल्लामा रहेका दलित, गरीब, विपन्न परिवारका बालबालिकाहरू शिक्षाको अवसरबाट वञ्चित छन्। यसो हुनुको कारण उनीहरूका अभिभावकहरूको क्रयशक्ति कम हुनु हो। दैनिक ज्याला–मजदूरी गरेर घरपरिवार पाल्नुपर्ने बाध्यतामा बाँचेका दलित, गरीब, विपन्न परिवारका बालबालिकाहरू घरका अभिभावकहरूलाई सघाउनका लागि काममा जानुपर्दा उनीहरू विद्यालयको पहुँचभन्दा टाढा रहेका र उनीहरूलाई विद्यालय भर्ना गरिए पनि टिकाउ हुन नसकेको हो । अभिभावकसँगै ज्याला–मजदूरी गर्नुपर्ने बाध्यता, घरमा भाइबहिनीहरूको हेरचाह, पशुचौपाया चराउनुपर्ने, घर कुर्नुपर्ने जस्ता समस्यासँग जुध्दै आएका उनीहरूलाई विद्यालयमा टिकाइराख्न समस्या देखिन्छ। तसर्थ ती समुदायको आर्थिक उपार्जनको व्यवस्था मिलाउनेतर्फ पनि तीनै तहका सरकारले प्रयास गरेको खण्डमा मात्र ती समुदायका बालबालिकाहरू विद्यालय जाने र टिकाउ हुने देखिन्छ ।**

# अपेक्षा र यथार्थको कसीमा लगानी सम्मेलन

स्वतन्त्र विचार




श्रीमन्नारायण

an_shriman@yahoo.com


**अर्थमन्त्री वर्षमान पुन लगानी सम्मेलन सफल साबित भएको दाबी गरिरहेका छन् तर विदेशी लगानीकर्ता अहिले पनि नेपालमा लगानी गर्न उत्साही देखिएका छैनन् । लगानी–मैत्री वातावरण निर्माण गर्न नेपालले अझ धेरै काम गर्न आवश्यक छ ।**

नेपालमा लगानी आकर्षित गर्न गरिएको तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन (इमर्जिङ नेपाल इन्भेस्टमेन्ट २०२४) मा लगानीकर्ताको राम्रो उपस्थिति रहे पनि सरकारले लगानी आकर्षित गर्न खोजेका परियोजनाहरूमा ठोसरूपमा लगानीकर्ताहरूको आकर्षण देखिएन। सरकारले यो सम्मेलनमा २० वटा परियोजनामा आशयपत्र आह्वान गरेको भए पनि एउटाबाहेक अरू कुनैमा प्रस्ताव पर्न सकेन । सरकारले ऊर्जा, सडक, सुरुङमार्ग, पर्यटन, आइटी क्षेत्रमा लगानी आकर्षित गर्न यी परियोजनामा आशयपत्र आह्वान गरेको थियो। स्वदेशी र विदेशी निजी क्षेत्रबीच सम्मेलनमा विभिन्न सम्झौता भए पनि त्यसलाई बढी उत्साहवर्द्धक मान्न सकिंदैन । आखिर ठूलो उत्साह र विश्वासका साथ आयोजना गरिएको लगानी सम्मेलनमा विदेशी लगानीकर्ताहरूले आफ्नोतर्फबाट लगानीको निम्ति ठोस प्रतिबद्धता व्यक्त नगर्नु अथवा लगानीको निम्ति प्रस्ताव नगर्नुको कारण के होला ?

यद्यपि सरकारका अर्थमन्त्री वर्षमान पुन भने लगानी सम्मेलन सफल साबित भएको दाबी गरिरहेका छन् तर विदेशी लगानीकर्ताहरू अहिले पनि नेपालमा लगानी गर्न उत्साही देखिएका छैनन् । लगानी–मैत्री वातावरण निर्माण गर्न नेपालले अझ धेरै काम गर्न आवश्यक छ ।

सरकारले २०७३ फागनु १९ र २० गते पहिलो लगानी सम्मेलन आयोजना गरेको थियो। त्यसबेला १ खर्ब रुपियाँको प्रतिबद्धता आउने आकलन सरकारले गरेको थियो । तर, विभिन्न देशका लगानीकर्ताले नेपालका विभिन्न क्षेत्रमा १३.५२ अर्ब अमेरिकी डलर लगानीको प्रतिबद्धता व्यक्त गरेका थिए। दोस्रोपटक २०७५ चैत्र १५ र १६ गते भएको लगानी सम्मेलनमा ५० ओटा परियोजनामा ३५ खर्ब रुपियाँ लगानीको प्रतिबद्धता भएको थियो । दुवै सम्मेलनमा लगानीकर्ताले गरेको प्रतिबद्धताको ३० देखि ३५ प्रतिशतसम्म लगानी भित्रिएको राष्ट्रिय योजना आयोगको हालैको अध्ययनले देखाएको छ। तेस्रो लगानी सम्मेलनमा त अहिलेसम्म खासै प्रतिबद्धता पनि आएको छैन । हुनत सरकारले यसको निम्ति एक महीनाको समय पनि दिएको छ । यस अवधिमा लगानीको प्रस्ताव आउने अपेक्षा सरकारले गरेको छ ।

लगानी सम्मेलनको समुद्घाटनको अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालले विदेशी लगानीकर्तालाई सबल नियामक ढाँचा, दोहोरो कर मुक्ति, बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रतिस्पर्धात्मक कर्पोरेट करलगायत धेरै प्रोत्साहन गर्ने खालको नीति ल्याएको र हालै मात्र व्यवसाय र लगानीसम्बन्धी कानून परिमार्जन गरिएकोले ढुक्क भएर लगानी गर्न स्वदेशी र विदेशी लगानीकर्ताहरूलाई आह्वान गरेका छन् । नेपाल सरकारले द्विपक्षीय लगानी सम्झौताको ढाँचालाई स्वीकृत गरेको छ र यसले द्विपक्षीय लगानीको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य लिएकोले यहाँ लगानीको निम्ति उपयुक्त वातावरण रहेको विश्वास दिलाउन उनले हरसम्भव प्रयास गरे। लगानी सम्मेलनका लागि सरकारको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले लगानी सम्मेलन शुरू भएकै दिन लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश, २०८१ जारी गरे । ८ वटा ऐन संशोधन गर्ने गरी जारी अध्यादेश प्रमाणीकरण भएसँगै यो कार्यान्वयनमा आएको छ ( संशोधन नगरिएका ऐनहरूमा जग्गा प्राप्ति ऐन, २०३४, भूमिसम्बन्धी ऐन, २०२१, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, औद्योगिक व्यवसाय ऐन, २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ रहेका छन् ।

लगानी सम्मेलनमा सरकारका सहयोगी दल नेकपा एमालेका अध्यक्ष के.पी. शर्मा ओलीदेखि प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा समेतले नेपालमा अब स्थायी शान्ति कायम भएको, राजनीतिक स्थिरता रहेको तथा लगानी मैत्री वातावरणको निर्माण पनि भएकोले लगानी गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई आग्रह गरे ।

लगानी सम्मेलनमा भिडियोमार्फत सम्बोधन गर्दै भारतका वाणिज्य तथा उद्योगमन्त्री पीयुष गोयलले भारतको छिमेक पहिलो नीतिमा नेपाल महत्त्वपूर्ण सदस्य रहेको, नेपालको विकास यात्रामा भारत महत्त्वपूर्ण एवं विश्वसनीय सहयोगी रहेको बताए । भारतले हाइड्रो र कनेक्टिभिटीमा नेपाललाई सहयोग गरिरहेको बताउँदै उनले लगानी र व्यापारमा पनि नेपालसित मिलेर भारतले काम गरिरहेकोले भारत र विश्वकै लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आह्वान गरेका थिए । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले नेपालमा सबैभन्दा बढी प्रत्यक्ष लगानी गर्ने मुलुक भारत भएकोले नेपालको विकासमा भारत एउटा महत्त्वपूर्ण सहयोगी रहिरहने विश्वास दिलाए ।

लगानी सम्मेलनमा सहभागी अमेरिकी, चिनियाँ र अन्य विदेशी प्रतिनिधिहरूले नेपालमा लगानीका लागि अनुकूल वातावरण रहेको टिप्पणी गरे तर एशियाली विकास बैंकका मध्यपश्चिम र दक्षिण एशियाका उपाध्यक्ष इन मी याङले भने नेपालमा जग्गा अधिग्रहण, वातावरण र सामाजिक मूल्याङ्कन, प्रतिफल सहज लैजान पाउने वातावरण मुख्य चुनौती रहेको धारणा राखे। नेपाली काङ्ग्रेसका नेता डा. शेखर कोइरालाले राजनीतिक स्थायित्वविना नेपालमा कुनै पनि देश लगानी गर्न इच्छुक नरहेकाले अहिले गरिएको लगानी सम्मेलनबाट खासै परिणाम नआउने टिप्पणी सम्मेलन अघि नै गरेका थिए । सरकारका सहयोगी तथा नेकपा एकीकृतका समाजवादी माधवकुमार नेपालले नेपालमा अनावश्यक खर्च र गुण्डागर्दीका कारण लगानीकर्ताहरू उत्साही हुने अवस्था नरहेको टिप्पणी गरेका थिए ।

सम्मेलनकै अवसरमा परियोजना विकास सम्झौता (पिडिए) तथा परियोजना लगानी सम्झौता (पिआइए) सम्झौता भने हुन सकेन । चीन–नेपाल मैत्री औद्योगिक क्षेत्र, माथिल्लो मर्स्याङ्दी–२, बाँके र कपिलवस्तुमा बन्ने २०० मेगावाट क्षमताको सोलार प्लान्ट परियोजनाका पिडिए तयार भएका छन्। सम्भवतः उत्तरी छिमेकी चीनसित उपरोक्त परियोजना सम्झौता हुने अपेक्षा गरिएको थियो तर त्यो सम्भव भएन । लगानी बोर्डका अनुसार सम्मेलनलाई आकर्षक बनाउन १५४ ओटा परियोजना शोकेसमा राखिएको थियो ।

नेपालको साखः ग्रुपले कपिलवस्तुको गोरुसिङ्गेमा हाई इन्ड रिसोर्ट बनाउन बोर ग्रुप अफ चाइना (हङकङ) सँग एमओयु गरेको छ। यसको निम्ति साखः ग्रुपले कपिलवस्तुको गोरुसिङ्गेमा २२ बिघा जग्गा खरीद गरिसकेको छ । २ अर्ब लगानी हुने यसमा त्यो जग्गा बोर ग्रुपलाई उपलब्ध गराइने छ। धुलिखेल मेडिसिटी अस्पताल, दैजी औद्योगिक क्षेत्र विकास, गौतम बुद्ध मेटर्निटी हस्पिटल, बबरमहल प्रशासनिक प्लाजा, सुदूर पश्चिम सार्वजनिक यातायात, चन्द्रागिरी–चित्लाङ–पालुङ–चितवन द्रुतमार्ग, जानकी हेरिटेज होटल एन्ड कल्चरल भिलेज, पोखरा अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी केन्द्र, २८१.०४ मेगावाटको नौमुरे बहुउद्देश्यीय जलविद्युत्, १२१.६ मेगावाटको खिम्ती–ठोसे जलाशययुक्त जलविद्युत्, ३३७.१ मेगावाटको भारभुङ जलाशययुक्त जलविद्युत्, ६५० मेगावाटको कालीगण्डकी २ जलाशययुक्त जलविद्युत् परियोजना आशयपत्रमार्फत प्रस्तावका लागि माग गरिएका थिए तर यसमा लगानीकर्ताहरूको उत्साह देखिएको छैन । लगानी बोर्डका अनुसार सम्मेलनमा ९ अर्ब रुपियाँ बराबरका १२ वटा परियोजना आशयपत्रमा उल्लेख गरिएका थिए । जाबो ९ अर्बको लगानीको स्वीकृति व्यक्त हुनु उपलब्धि अवश्य पनि होइन ।

श्रमलगायत उत्पादनका साधनको लागत, आन्तरिक र बाह्य बजारको आकार, व्यापारको खुलापन, राजनीतिक र नीतिगत स्थायित्व, कानूनी शासन र सुशासन, भ्रष्टाचारको अवस्था, नियमनकारी निकाय, राज्यका प्रमुख संस्थाको क्षमता र गुणस्तर, विकासका आधारभूत संरचना, मानव पूँजी अनि स्वास्थ्य क्षेत्रको गुणस्तरलाई हेरेर नै विदेशी लगानीकर्ताहरू लगानी गर्दछन् । १५ महीनामा तीन अर्थमन्त्री फेरिंदा नीतिगत स्थिरताको विषयमा प्रश्न उठ्नु अस्वाभाविक हुँदैन ।

नेपालमा वैदेशिक लगानीकर्ताहरूले पूँजी लगाउन खोज्दा चन्दा आतङ्क, मजदूर हडताल, अदालतमा मुद्दा हालिदिने, मुआवजाको विषयमा विवाद, राष्ट्रियता र स्वाभिमानको कृत्रिम चिन्ता गरी समस्या उत्पन्न गर्ने काम गरिन्छ ।

कुनै पनि देशको आर्थिक विकासका लागि लगानी पूर्व शर्त हो । लगानीबाट नै रोजगार सिर्जना हुन्छ, राजस्व बढ्छ। पूर्वाधार बनेपछि स्वतः लगानी आकर्षित हुन्छ । देशको आर्थिक वृद्धि गर्नु र रोजगार सिर्जना गर्न वैदेशिक लगानीको रङ्ग हेर्नुहुँदैन । लगानी सम्मेलन अपेक्षा गरे अनुसार सफल हुन सकेन तर यसले उत्साह अवश्य पनि बढाएको छ ।

# सूचना–प्रविधि क्षेत्रको विस्तारका निम्ति नवप्रवर्तन कोष स्थापना गर्ने प्रमको घोषणा

काठमाडौं, २० वैशाख/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाद प्रचण्डले सूचना–प्रविधि क्षेत्रको विस्तारका निम्ति आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा नवप्रवर्तन कोष स्थापनाको व्यवस्था गरिने बताएका छन् ।

सातौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले नवप्रवर्तन कोष स्थापनाका लागि आवश्यक कानून तर्जुमा गर्ने गृहकार्य शुरू भएको जानकारी दिए।

"सञ्चार तथा सूचना प्रविधिको विकास, विस्तार र प्रयोगबाट नै आर्थिक, सामाजिक रूपान्तरण गर्न सकिन्छ भन्ने सरकारको विश्वास छ"–प्रधानमन्त्रीले भने–"यसै यथार्थलाई आत्मसात् गर्दै सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा नवप्रवर्तन कोष स्थापना गर्ने तथा सोका निम्ति आवश्यक कानून तर्जुमा गर्ने गृहकार्य अगाडि बढाएको छ ।"

कोषको स्थापनासँगै आफ्नै स्वविवेक, क्षमता र पहुँचमा सूचना प्रविधिमार्फत अर्बौंको आम्दानी गरिरहेका युवा वैज्ञानिक प्रोत्साहित हुनुका साथै युवा पुस्तालाई देशभित्र आशा जगाउन एवं अर्थतन्त्रमा गुणात्मक सुधार ल्याउन सकिने उनले विश्वास व्यक्त गरे ।

उत्पादकत्व वृद्धि र रोजगार सिर्जना कार्यक्रम अन्तर्गत कृषिजन्य उत्पादन एवं सार्वजनिक सेवाका क्षेत्रहरूमा नवप्रवर्तनलाई प्रोत्साहित गर्ने नीति अगाडि सार्ने तयारी गरिएको जानकारी दिंदै प्रधानमन्त्रीले देशभित्रै केही गर्न चाहने युवाका निम्ति नयाँ अवसर सिर्जना गरिने बताए । उनले युवालाई लक्षित गरी अगाडि बढाइएको 'स्टार्टअप कार्यक्रम' लाई एकीकृत गरी प्रभावकारी कार्यान्वयन गर्न सरकार गम्भीररूपले लागिरहेको स्पष्ट पारे ।

सूचना–प्रविधिलाई 'लिडिङ फ्याक्टर' का रूपमा स्वीकार गरेर मात्र विकास, सुशासन र रोजगारमार्फत समृद्धि हासिल गर्न सकिने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीले सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा तीव्र विकास गरी यसको माध्यमबाट आम नागरिकको आर्थिक, सामाजिक जीवनको उन्नयन र रूपान्तरणका निम्ति सम्बद्ध सबैमा अपिल गरे ।

प्रधानमन्त्रीले सूचना प्रविधिको विकास, विस्तार र सुरक्षित प्रयोग सुनिश्चित गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

सूचना तथा सञ्चार प्रविधि नीतिको परिमार्जन र सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी कानून निर्माण प्रक्रियामा रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले दिनानुदिन बढ्दै गइरहेको साइबर अपराधसम्बन्धी घटनाहरू नियन्त्रण गरिने उल्लेख गरे ।

"संवेदनशील प्रणालीमाथि अनधिकृत पहुँच, व्यक्तिगत एवं संस्थागत 'डेटा' दुरुपयोगको विषयलाई प्रभावकारीरूपमा नियमन तथा व्यवस्थापन गर्न तथा साइबर सुरक्षाको बढ्दो चुनौती दृष्टिगत गर्दै नीति, कानून र संरचना निर्माण कार्यलाई सरकारले प्राथमिकता दिएको छ"–प्रधानमन्त्रीले भने–"राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० तर्जुमा गरी कार्यान्वयन हुने अवस्थामा छ। साइबर सुरक्षाको जोखिम पहिचान, प्रतिकार्य अनुगमन गर्न राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गरिएको छ ।"

प्रधानमन्त्रीले अन्तर्राष्ट्रियस्तरको डाटा सेन्टरहरूको स्थापनालाई प्राथमिकता दिने स्पष्ट पारे । उनले विद्युतीय ऊर्जाको प्रचुर सम्भावना एवं भौगोलिक अवस्थितिलाई समेत मध्यनजर गर्दै सेन्टर स्थापना गर्न आवश्यक रहेको बताए ।

"विश्वस्तरका तालीम प्रदायकहरूलाई आकर्षित गरी सीपयुक्त दक्ष जनशक्तिको निर्माण गरिने छ"–प्रधानमन्त्रीले भने–"सूचना प्रविधि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## के नेपालमा वैदेशिक लगानी आउला ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेताहरूले सत्ता र शक्तिको लागि ऱ्याल चुहाउने हो, कहिले यो दल त कहिले त्यो दलसँग मिलेर सरकार बनाउने हो, र ाष्ट्रिय आर्थिक विकासलाई महत्त्व नदिएर स्वार्थपूर्तितिर मात्र लाग्ने हो भने यस किसिमको दशौं लगानी सम्मेलन गरे पनि लगानी भित्रिने छैन ।**

वर्तमान युग पूँजीको युग होइन । वर्तमान युग विचारको युग हो । सोचको युग हो । योजनाको युग हो । अनुसन्धान र खोजको युग हो । वर्तमान वैश्य युगमा व्यापार गर्नका लागि पूँजी होइन, नयाँ विचार चाहिन्छ, नयाँ सोच चाहिन्छ ।

वर्तमान युगमा पूँजी होइन, नयाँ योजना, नयाँ सोच र नयाँ खोजको आधारमा अनेक व्यक्ति सफल व्यवसायी बनेका अनेकौं उदाहरण छन् । नयाँ खोजको आधारमा विभिन्न कम्पनीहरूले करोडौं रुपियाँ कमाएको उदाहरण थुप्रै छन् ।

माथिका कुराहरू नेपालको आर्थिक विकासको सम्बन्धमा भनिएको हो । स्रोत र साधनले भरिएको नेपालको आर्थिक विकासको लगि पूँजी होइन, नयाँ सोच र नयाँ विचार आवश्यक छ । नयाँ सोच र विचार प्रयोग हुने हो भने पूँजी स्वत: उत्पन्न हुन्छ । नयाँ सोच, विचार एवं योजना प्रयोग गरेर नेपालको आर्थिक विकासको गतिलाई तीव्र पार्न सकिन्छ ।

यस्तै किसिमको सोच हाम्रा नीति निर्माता र नेताहरूमा पलाएको सङ्केत देखिएको छ । यस्तै सोचको उपज थियो नेपालमा लगानी–सम्मेलन हुनु । सरकारले लगानीलाई उच्च महत्त्व दिनु । स्वदेशी तथा विदेशी लागनीकर्ताहरूलाई लगानी सम्मेलन मार्फत नेपालमा लगानी गर्न अनुरोध गर्नु ।

नेपाल सरकारको आयोजनामा हालै काठमाडौंमा दुई दिने, तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन सम्पन्न भएको छ । यसै महीनाको १६ र १७ गते (April 28–29, 2024) सम्पन्न भएको उक्त सम्मेलनमा पचीस सयभन्दा बढी मानिस सहभागी भएका थिए भने आठ सयभन्दा बढी विदेशी प्रतिनिधि सहभागी थिए । सो सम्मेलनमा भाग लिन ५५ देशबाट विभिन्न व्यक्ति आएका थिए । उक्त सम्मेलनमा सहभागी हुन विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमजस्ता संस्थाका प्रतिनिधिहरू पनि काठमाडौं आएका थिए । यसैगरी नेपालस्थित विभिन्न देशका राजदूतहरूको पनि उक्त सम्मेलनमा सहभागिता थियो ।

अर्थमन्त्री वर्षमान पुनले काठमाडौंमा सम्पन्न तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन – २०२४ भव्यरूपमा सफल भयो भनेका छन् । यो सम्मेलनलाई आफ्नो सरकारले प्राप्त गरेको महत्त्वपूर्ण उपलब्धिको रूपमा प्रस्तुत गरेका छन् ।

हालै सम्पन तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनमा सरकारी तवरबाट नै स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न अनुरोध गरिएको थियो । साथै उत्प्रेरित पनि गरिएको थियो । स्वदेशी एवं विदेशी लगानीकर्ताहरूले नेपालमा लगानी गर्दा उत्पन्न हुन सक्ने प्रशासनिक बाधा (Bureaucratic Barriers) तथा कानूनी बाधा (Legal Barriers) हटाउन सरकार तत्पर रहेको घोषणा पनि सरकारी तवरबाट नै गरिएको थियो । सरकारी तवरबाट नै नेपालमा यी–यी क्षेत्रमा लगानी गर्न सकिन्छ भनी लगानीकर्ताहरूलाई जानकारी दिने कार्यसमेत भएको थियो । निष्कर्षत: स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले नेपालको अनेक क्षेत्रमा बढी लगानी गरिदिऊन् भन्ने विषयलाई सरकारले उच्च प्राथमिकतामा राखेको सन्देश विश्वभरिका सम्भाव्य लगानीकर्ताहरूलाई सम्मेलनमार्फत दिइएको थियो ।

स्वदेशी एवं विदेशी लगानी कुनै पनि राष्ट्रको आर्थिक विकासमा महत्त्वपूर्ण हुन्छ भन्ने कुरा वर्तमान सरकारले राम्ररी बुझेको र सोको प्रमाण सरकारले सम्मेलनलाई अति महत्त्व दिएको कुराबाट प्रस्टिन्छ । सरकारले गरेको यो कार्यलाई राम्रो मान्नुपर्छ । सम्मेलन सम्पन्न गर्न अर्थमन्त्री पुनले देखाएको सक्रियताको पनि प्रशांसा गर्नुपर्छ । विगतमा पुनले के के गरे, कस्ता कस्ता ध्वंसात्मक कार्यमा संलग्न रहे भन्ने कुरालाई क्षणभरको लागि बिर्सिदिनु पनि पर्छ । अब मूल विषयमा प्रवेश गरौं–

नेपालको आफ्नै किसिमको भूस्थिति र निकटका छिमेकी देशहरू– चीन एवं भारतको आर्थिक स्थिति र ती छिमेकीहरूले नेपालप्रति देखाउने व्यवहारलाई मध्यनजर गर्दा नेपालमा विदेशी लगानीकर्ताहरूले लगानी गर्न चासो र इच्छा प्रदर्शित गर्लान् कि नगर्लान् त्यो आउने भविष्यले देखाउने छ । तर केही कुरामा भने सम्मेलनले महत्त्वपूर्ण प्रकाश पारेको छ ।

१. पूँजीवादलाई गाली गर्ने र लगानीकर्ताहरूलाई दलाल पूँजीपतिको संज्ञा दिंदै विध्वंसद्वारा मात्र राजनीतिक परिवर्तन हुन्छ भनी विश्वास गर्ने माओवादीहरूले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको उपस्थितिलाई राम्रो मान्नु र देशको आर्थिक विकासमा उनीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने तथ्य स्वीकार गर्नु नेपालको आर्थिक विकासको लागि सकारात्मक कुरा हो । माओवादीहरूमा आएको यो सुझबुझले नेपालको आर्थिक विकासको गति तीव्र पार्न सहयोग पुग्नेछ ।

२. राष्ट्रको दोहन गरेर मात्र हुँदैन । राष्ट्रको आर्थिक विकासलाई पनि महत्त्व दिनुपर्छ । यदि महत्त्व नदिने हो भने आफ्नो र आफ्नो दलको अस्तित्व पनि समाप्त हुन्छ । यो तथ्य सबै दलका नेताहरूलाई अब बोध भएको छ । र यस्तो हुनु यो सम्मेलनको उपलब्धि मान्नुपर्छ । यो अन्तर्राष्ट्रिय लगानी सम्मेलनलाई सबै दल र तिनका ठूला नेताहरूले निकै महत्त्व दिएका छन् । प्रतिपक्षी दलका नेताहरूले सम्मेलनको आलोचना गरेका छैनन् । उल्टो प्रशंसा नै गरेका छन् । अन्य प्रमुख दलका नेताहरू जस्तै केपी ओली, शेरबहारदुर देउवा आदिले यो सम्मेलनप्रति सकारात्मक धारणा प्रस्तुत गरेका छन् । सम्मेलनको प्रशंसा गरेका छन् । स्वदेशी एवं विदेशी लगानीकर्ताहरूलाई हरेक किसिमको सहयोग गर्न आफू र दल तयार रहेको उल्लेख गरेका छन् ।

३. सरकार एवं अन्य राजनीतिक दलहरूद्वारा लगानी अनुकूल स्थिति निर्माण नहुने हो भने देशमा लगानी हुन सक्तैन । लगानीमा वृद्धि नभएसम्म देशको आर्थिक विकास हुँदैन । थप रोजगार सृजना हुँदैन । ठूलो सङ्ख्यामा नेपाली युवाहरू रोजगारका लागि संसारका अनेक देश पुग्ने कार्य रोकिंदैन । यी विषयहरूलाई राजनीतिक दल र तिनका नेताहरूले सम्मेलनमार्फत राम्ररी बुझेको सङ्केत दिएका छन् ।

४. देशको आर्थिक विकासको लागि सबै दलबीच समझदारी आवश्यक छ, समन्वय आवश्यक छ । दलहरू मिलेर कार्य गर्नुको विकल्प छैन । यस कुरालाई राजनीति दलहरूले बोध गरेको सन्देश पनि यो सम्मेलनले दिएको छ । सबै दलका नेताहरूले यो सम्मेलनलाई उच्च महत्त्व दिनुले यस कुराको पुष्टि हुन्छ ।

सबै दलबीच राम्रो समझदारी कायम हुने हो र आर्थिक विकासका विषयमा दलहरूबीच अनेक मतभेद र कलह नहुने हो भने नेपालमा अवश्य पनि स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले लगानी गर्नेछन् । पर्यटन, जलविद्युत्, सूचना र प्रविधि, मनोरञ्जन, व्यापार आदि यस्ता क्षेत्र हुन् जहाँ अहिले स्वदेशी एवं विदेशी लगानी अति जरुरी छ । नेपालमा मौलिक नेपाली वस्तुहरू उत्पादन गर्ने कारखानाहरूको पनि उत्तिकै खाँचो छ । मौलिक नेपाली वस्तु निर्माण एवं निर्यात गरेर पनि नेपालले ठूलो मात्रामा मुनाफा आर्जन गर्न सक्छ । ठूलो मात्रामा वैदेशिक मुद्रा प्राप्त गर्न सक्छ ।

नेपालका राजनीतिक दलहरूबीच विकास तथा निर्माण कार्यका लागि साझा सहमति हुने हो र स्थिर किसिमको लगानी नीति निर्माण हुने हो भने नेपाललाई आवश्यक पूँजी नेपाल भित्रबाटै पनि उपलब्ध हुन सक्छ । विदेशी लगानी आवश्यक पनि पर्दैन । ज्यादै ठूलो परियोजनाको लागि मात्र विदेशी लगननी आवश्यक पर्न सक्छ । विदेशमा बसेका नेपालीहरूले पनि नेपालमा लगानी गर्न सक्ने पर्याप्त अवसर छ ।

तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनले भोलिका दिनमा के कति विदेशी लगानी भित्रिने छ त्यो कुरा अहिले नै भन्न सकिने स्थिति त छैन तर एउटा कुरा भने प्रस्ट भन्न सकिन्छ कि लगानी सम्मेलनले नेपाल लगानी–मैत्री देश हुन अहिले तीव्र गतिमा अग्रसर छ ।

एउटा विषय यहाँ उल्लेख नगर्ने हो भने यो आलेख अधूरो रहन सक्छ । नेताहरूले अहिले जस्तो सत्ता र शक्तिको लागि ऱ्याल चुहाउने हो, कहिले यो दल त कहिले त्यो दलसँग मिलेर सरकार बनाउने हो, राष्ट्रिय आर्थिक विकासलाई महत्व नदिएर स्वार्थ पूर्तितिर मात्र लाग्ने हो भने यस किसिमको दशौं लगानी सम्मेलन गरे पनि लगानी भित्रिने छैन । यो कुरा पक्का हो ।

## प्रचण्ड गर्मीमा गुइँठा बनाउँदै गृहिणी

गोपाल बराल
महोत्तरी, २० वैशाख/रासस

अहिले वैशाखको तेस्रो सातामैं महोत्तरीमा तापक्रम दैनिकजसो ४२ डिग्री सेल्सियसको सेरोफेरोमा छ । प्रचण्ड रापसँगै चलेको तातो हावामा पनि यहाँ गृहिणी भने बर्खा यामका लागि 'गुइँठा' बनाउन व्यस्त छन् ।



तस्वीर: रासस

मधेसमा खाना पकाउने इन्धनको जोहोमा 'गुइँठा' बनाउने व्यस्तता बढेको हो । बर्खामास खाना पकाउन यहाँका गृहिणी जेठसम्म 'गुइँठा' बनाउने काममा व्यस्त हुन्छन् । यहाँ गोबरमा पराल वा साना झिक्रा हालेर डोलो 'गुइँठा' र घरका पर्खालमा गोबर सुकाएर 'चपरी' पारिन्छ ।

गाई, भैंसी पालेका किसानले आफ्नै गोठको गोबरमा र यी पशु–वस्तु नपाल्नेले चरन क्षेत्र र बाटाघाटाका गोबर टिपेर घरमा ल्याई थुपारेर 'गुइँठा' बनाउँछन् । जिल्लाका सबैजसो स्थानीय तहका ग्रामीण बस्तीमा अहिले आम महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, 'छिटी' पनि भनिन्छ) बोकेर गोबर सङ्कलन गर्न र घरघरै 'गुइँठा' बनाउन व्यस्त देखिंदा छन् । जिल्लाका १५ स्थानीय तहमध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगमा अहिले गृहिणीको 'गुइँठा' बनाउने काममा व्यस्तता बढेको हो ।

"कि करू ? खाना त खाइपरत, अइकेलेल जोगार त कर परल नई" (के गर्नु ? खानु त परिहाल्छ, त्यसका लागि इन्धनको जोहो त गर्नै पऱ्यो नि) धमाधम गुइँठा बनाउँदै भङ्गाहा–३ सकरी बस्तीकी रामराजी सदा भन्छिन्–"अखैन जोगार नइकरब त बर्खामें दिकत होयत" (अहिले इन्धनको जोहो नगरे बर्खामा अप्ठ्यारो हुन्छ) । बर्खामा गुइँठा चाँडै बल्ने र सल्केपछि ननिभ्ने भएपछि गृहिणी यसमा खाना पकाउन अभ्यस्त भएका छन् ।

जिल्लामा खाना पकाउने इन्धनमा बाक्लै प्रयोग हुने गोबरको चिपरी र गुइँठा (गोरहा) मा आगो ननिभ्ने र खानेकुरा पनि स्वादिलो हुने आमविश्वास छ । बर्दिवास नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख जनस्वास्थ्य निरीक्षक सुरेश पासवान गोबरका 'चिपरी' र 'गुइँठा'मा पकाएको खाना मौलिक स्वादको हुने र स्वस्थकर पनि हुने बताउँछन् ।

यहाँका महिला अहिले कृषि कार्य नहुँदा वर्षभरिकै इन्धन जम्मा गर्न 'चिपरी' र 'गुइँठा' बनाउन व्यस्त भएका हुन् । घरमा पशु–वस्तु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर लगाउने र गोठ नहुनेले सडक र चरन क्षेत्रसम्म पुगेर गोबर सङ्कलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरीमात्र नभएर मध्यपूर्वी तराईकै आम कुरो मानिन्छ । यसरी दुई/तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई/तीन दिन लगाएर 'गुइँठा' र 'चिपरी' पाथ्ने गरिन्छ । सामान्यतया गोबरलाई चाक्लो पारेर पथारिनेलाई 'चिपरी' र भित्रपट्टि पराल र मसिना झिक्रा हालेर लामो डोलो बनाइनेलाई 'गुइँठा' वा 'गोरहा' भनिन्छ । यसरी बनाइएका 'गुइँठा' घाम राम्रो लाग्ने ठाउँमा चाङ लगाएर राखिन्छ । यस्तो चाङ एक महीना जति घामले सुकेपछि 'चिपरी' र 'गुइँठा' पानी नचुहिने, नभिज्ने ठाउँमा थाक बनाएर राखेपछि आवश्यकता अनुसार खाना पकाउन प्रयोग गरिन्छ ।

खासगरी वन क्षेत्र टाढा भएका र ग्याँस किन्ने हैसियत नभएका घरमा इन्धनका लागि 'चिपरी' र 'गुइँठा' बालेर खाना पकाउनुपर्ने बाध्यता छ । तराई क्षेत्रमा गाई, गोरु, भैंसी र राँगाको गोबर इन्धनमा खर्च भएपछि जग्गा जमीनमा उत्पादन कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन् ।

"खेतबारीमा हाल्नुपर्ने कम्पोस्ट मल बनाइने गोबर दाउरामा प्रयोग गरिन्छ"– महोत्तरीकै बर्दिवास–७ का बिन्देश्वर यादव भन्छन्–"खेतबारी मलिलो बनाउने कम्पोस्ट मल नभएपछि उत्पादन निकै घटेको छ ।" अब इन्धनमा गोबरको विकल्प नखोज्ने हो भने जग्गाको उर्वरा शक्ति ह्रास भएर यहाँका जग्गा बेकामे बन्ने किसान बताउँछन् ।

## जुनारको जुस बिक्री बढ्यो

मन्थली (रामेछाप), २० वैशाख/रासस

गर्मी बढेसँगै रामेछापमा जुनारको जुस बिक्री बढेको छ । स्थानीय उत्पादन यहाँका होटल तथा पसलमा मात्र होइन, यहाँ आउने जोकोहीले कोसेलीका रूपमा पनि खरीद गर्न थालेका छन् ।

विशेषगरी काठमाडौं र तराईका विभिन्न जिल्लामा कोसेलीका रूपमा लैजान बढी बिक्री हुने गरेको यो जुस जिल्लाका दुईवटा उद्योगबाट दैनिक रु तीन लाख पचास हजार बराबरको बिक्री हुने गरेको उत्पादकहरूले बताएका छन् । जिल्लामा निजी क्षेत्रका डिलक्स एग्रो फरेस्ट्री प्रडक्ट र मन्थली डिलक्स एग्रो फरेस्ट्रीले 'स्क्वास' बनाएर बिक्री गरेका छन् ।

दुवै कम्पनीले अलावा, कागती, किवी, अमला र बेलका जुस पनि उत्पादन गर्दै आएका छन् । जिल्लामा जुनारको स्क्वास प्रतिलिटर रु एक सय ५०, किवीको प्रतिलिटर रु दुई सयमा बिक्री हुने गरेको छ । एक भागमा चार भाग पानी मिसाएर पिउनुपर्ने स्क्वास रामेछाप जिल्ला सदरमुकाम मन्थलीका साथै जिल्लाका विभिन्न बजार केन्द्र, सिन्धुलीको खुर्कोटलगायत विभिन्न



तस्वीर: रासस

बजार, दोलखा, ओखलढुङ्गा, काठमाडौं, ललितपुर भक्तपुर र तराईका जिल्लामा कोसेलीका रूपमा लैजाने गरिएको र दुवै कम्पनीबाट दैनिक रू तीन लाख ५० हजारको बिक्री हुने गरेको डिलक्स एग्रो फरेस्ट्री प्रालि रामेछापका सञ्चालक रामबाबू गिरीले बताए ।

त्यसैगरी गर्मीको समयमा चिया पिउनेभन्दा बढी जुस पिउने आफ्नो कम्पनीमा आएर जुस खाने र किनेर लैजाने गरेको मन्थली डिलक्स एग्रो फरेस्ट्री प्रालि रामेछापका सञ्चालक लोकेन्द्र श्रेष्ठले बताए । उनले भने– "मल्टिनेशनल कम्पनीबाट उत्पादित कोक फेन्टाजस्ता पेय पदार्थलाई निरुत्साहित गरी स्थानीय उत्पादन प्रवर्द्धन गर्न राज्यले सहयोग गरेमा बिक्री अझ बढ्ने थियो तर आफूजस्ता युवा उद्यमीलाई राज्यले कुनै सहयोग गरेको छैन । "

मन्थली नगरपालिकाका नगर प्रमुखले भने युवा उद्यामीलाई बैंकसँग समन्वय गराइदिएर विनाधितो वा मुनासिब ब्याजमा उद्यम कर्जाका लागि सिफारिश गर्ने गरेको बताए । कात्तिकदेखि मङ्सिर–पुससम्म जुनारको सिजनमा कृषकसँग बगैंचा नै खरीद गरेर त्यसलाई प्रशोधन गरी झोल बनाएर राख्ने अनि फागुनदेखि असोजसम्म आवश्यक कच्चा पदार्थको रूपमा प्रयोग गरी स्क्वास बनाएर बिक्री हुँदै आएको छ । स्थानीयस्तरमा पाइने जुनार, कागती, किवी, अमला, बेलको झोलबाट स्क्वास बनाउने गरिएको छ ।

गर्मी बढेसँगै जिल्लामा यसको राम्रो व्यापार हुने गरेको स्थानीय व्यवसायी चन्द्रबहादुर श्रेष्ठले बताए । स्थानीयस्तरमा उत्पादित जुनार, अमला कागती, किवी, बेलजस्ता वस्तुको स्क्वास बनाएर यहाँका किसान लाभान्वित भएका छन् । यसबाट स्थानीयु रोजगारको अवसर पाउने तथा यस्ता उत्पादनको प्रवर्द्धनका लागि सम्बन्धित निकायले पहल गर्नुपर्ने कृषि व्यवसायी गुञ्ज कार्की बताउँछन् ।



**खडेरीले सुके मकैका बोट:** लामो समयसम्म पानी नपरेकोले पोखरा महानगरपालिका–१७ म्युजियम मार्गस्थित बारीमा सुकेको मकैका बोट । खडेरीका कारण मकैको बोट सुक्न थालेपछि किसान चिन्तित बनेका छन् ।
तस्बिर: हरिप्रसाद बाँस्तोला/रासस

# प्रविधिबाट प्रभावित बन्दै 'सन्देश' निर्माणको प्रक्रिया

सन्दर्भः सूचना तथा सञ्चार प्रविधि दिवस



धर्मेन्द्र झा

**वर्तमानमा व्यावसायिक र नागरिक गरी पत्रकारिता दुई कित्तामा विभाजित छ । यसलाई सम्भव बनाएको छ इन्टर नेटमा आधारित डिजिटल प्रविधिले । इन्टरनेटको विकासपछि न्यू मिडिया (नयाँ मिडिया) निकै सशक्त भएर उपस्थित भएको छ ।**

पत्रकारिता र सञ्चार प्रक्रियामा सन्देशको निकै ठूलो महत्त्व हुन्छ । एक किसिमले भन्ने हो भने सञ्चार जहिल्यै सन्देशको वरिपरि केन्द्रित हुन्छ । सञ्चारको प्रक्रिया गतिशील हुने नै सन्देशका लागि हो भनियो भने गलत हुनेछैन । र पत्रकारिता सन्देश अभिव्यक्तिको माध्यम हो । तर अहिले यही सन्देश प्रविधिबाट प्रभावित हुने अवस्था निर्माण भएको छ भन्दा असङ्गत नठहरिएला । रङ्गीन टेलिभिजनको अविष्कारपछिका दिनमा पत्रकारिता र आमसञ्चारका प्रसिद्ध विद्वान् मार्शल म्याकलुहानले भनेका थिए–"मिडियम इज द म्यासेज अर्थात् माध्यम नै सन्देश हो ।" कालान्तरमा उाले आफ्नो धारणा परिमार्जन गरेका थिए । सारमा उनको भनाइ थियो–प्रविधिले सञ्चारको मूल प्रक्रियालाई प्रभावित गर्न सक्छ । तर आज कताकता लाग्छ मार्शल सही थिए ।

आज सञ्चार तथा सूचना प्रविधिको यति विकास भएको छ कि साँच्चै सन्देश निर्माण तथा आदानप्रदान प्रक्रिया यसबाट प्रभावित हुन पुगेको हो कि भन्ने भान हुन्छ । यो त भयो पत्रकारितामाथिको प्रभावको कुरो । तर मानव समाजको शायद यस्तो कुनै क्षेत्र बाँकी छैन, जो सूचना र सञ्चार प्रविधिबाट अछुतो रहेको होस । स्वाभाविकरूपमा नेपाल र नेपाली समाज पनि यसबाट प्रभावित छ ।

नेपालले पछिल्लो दशकमा अनुभूत गर्न सकिनेगरी फडको मारेको क्षेत्र हो सूचना र सञ्चार प्रविधि । हालसम्मको अवस्थाको मूल्याङ्कन गर्ने हो भने नेपालमा यस क्षेत्रसँग सम्बन्धित ठूलो जनशक्ति तयार भइसकेको छ । यसै क्षेत्रको सबलीकरणमा बल पुग्नेगरी नेपालले मे २ का दिन राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस आयोजना गर्ने गरेको छ ।

सरकारी पहलमैं आयोजना गरिने यो दिवस मनाउने औपचारिक जिम्मेवारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले निर्वाह गर्ने गरेको छ । विगतमा छ संस्करणमा आयोजना भइसकेको यस पटक यो दिवसको सातौं संस्करण 'समृद्ध नेपालको आधार : सूचना, प्रविधि र सञ्चार' भन्ने नाराका साथ आयोजना गरिंदैछ ।

सन्दर्भमा धेरैतर्फबाट निराशाको अनुभव गरिरहिएको अवस्थामा यो एउटा यस्तो क्षेत्र हो, जसले आम नेपालीमा आशाको सञ्चार गर्न सफलता प्राप्त गरेको अनुभव गरिएको छ । यो यस्तो क्षेत्र हो, जसले एकैपटक युवालाई विदेश पलायन हुनबाट रोक्ने, स्वदेशी मुद्रा विदेश जानबाट रोक्दै विदेशी मुद्रा नेपाल भित्र्याउने र नेपाललाई विदेशमा चिनाउनेजस्ता कार्य गरिरहेको छ । यी तीनै सन्दर्भ वर्तमान नेपालका लागि निकै महत्त्वपूर्ण छन् । तथापि यस क्षेत्रको विकास र प्रवर्द्धनका दिशामा केही समस्या र चुनौती विद्यमान छन् । आगामी दिनमा तिनको सम्बोधन निश्चय पनि राष्ट्रिय कार्यभार बन्ने कुरामा विमति हुन सक्दैन ।

छरिएर रहेको यो क्षेत्रलाई सङ्गठित गर्नु, जनशक्तिको पहिचान र तिनको प्रवर्द्धन, आवश्यक नीति निर्माण र कार्यान्वयन, जनशक्तिलाई आवश्यक शिक्षा र प्रशिक्षणजस्ता विषय यस्तै हुन्, जहाँ सरकारलगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु आवश्यक छ । यस क्षेत्रमा अहिलेसम्म जे जति उपलब्धि सूचीबद्ध गर्ने प्रयास गरिएको छ । त्यसमा निजी क्षेत्रको योगदान महत्त्वपूर्ण छ । तुलनात्मकरूपमा सरकारले थप योगदानको रणनीति निर्माण गर्नु अपेक्षित छ ।

विश्वव्यापीरूपमा यस क्षेत्रका विज्ञको माग बढिरहेको सन्दर्भमा नेपालले यस क्षेत्रमा उचित नीति निर्माण गरी आर्थिक लगानी बढाउन सकेको अवस्थामा भविष्यमा विदेशी आर्जन गर्ने यो महत्त्वपूर्ण क्षेत्र हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिंदैन । यस क्षेत्रमा विदेशी लगानीसमेत प्राप्त गर्न सकिने कुरा तेस्रो लगानी सम्मेलनमा डाटा सेन्टर स्थापनाका लागि साढे तीन अर्बको परियोजनामा दुईपक्षीय हस्ताक्षर भएबाट पनि स्पष्ट हुन्छ । तेस्रो लगानी सम्मेलनमा हस्ताक्षर भएका योजनामध्ये सम्भवतः सबैभन्दा ठूलो राशिको योजना नै यही हो । यस परियाजनालाई यस क्षेत्रमा विकासका लागि एक महत्त्वपूर्ण प्रस्थानविन्दु मान्न सकिन्छ ।

विश्व सूचना तथा सञ्चार प्रविधिको बजारको विश्लेषण गर्ने हो भने दक्ष जनशक्तिको आपूर्ति तथा एप र प्रोगामको निर्माणका क्षेत्रमा नेपालको महत्त्वपूर्ण उपस्थिति अनुभूत गर्न थालिएको छ । अहिले नेपालले विश्व बजारमा जनशक्ति, एप र प्रोग्राम आपूर्ति गर्न सफलता प्राप्त गरेको छ । यो नेपालको महत्त्वपूर्ण उपलब्धि हो । भविष्यमा यस कार्यले निरन्तरता पाउनुपर्दछ र सरकारले सक्षम सहजकर्ताको भूमिका निर्वाह गर्नु वाञ्छनीय छ । यो क्षेत्र विश्वमा अहिले यस्तो क्षेत्रका रूपमा विकसित हुँदैछ, जसको आवश्यकता अन्य सबै क्षेत्रमा बोध हुन थालेको छ । यस क्षेत्रको सहभागिताविना अन्य क्षेत्रले न आवश्यक गति प्राप्त गर्ने, न अपेक्षित उपलब्धि नै प्रदान गर्न सक्ने स्थिति निर्माण भएको छ । कहाँसम्म भने पत्रकारिता क्षेत्र पनि अपवाद छैन ।

माथि प्रारम्भमैं पनि उल्लेख गरियो, आजको पत्रकारिता एक हदसम्म सञ्चार प्रविधिको विकासबाट प्रभावित छ । सूचना तथा सञ्चार प्रविधिको द्रुततर विकासका कारण समग्रमा पत्रकारिताको स्वरूप नै परिवर्तित हुन पुगेको छ । सन् १४४० को दशकमा जर्मनीमा गुटेनबर्गद्वारा छापाखाना अविष्कार पछिका दिनमा पत्रकारिताले औपचारिकरूपमा विकास यात्रा प्रारम्भ गरेको हो । त्यस बेलादेखिको समयको मूल्याङ्कन गर्ने हो भने पछिल्लो करीब तीन दशक यस्तो समयावधि हो जुन समयमा पत्रकारिताले अत्यन्तै द्रुतगतिमा विकास गरेको छ ।

प्रविधिको विकासले पत्रकारिताको परम्परागत स्वरूपलाई नै विस्थापित गर्नसक्ने खतरा बढेको छ । आजको पत्रकारिता, प्रविधिबाट यति बढी प्रभावित भइसक्यो कि आज पत्रकारितामा रोबोट र एआइ (आर्टिफिसियल इनटेलिजेन्स) को प्रयोग भइरहेको अवस्था छ । स्वाभाविकरूपले नेपाल पनि अपवाद छैन । यहाँ पनि पत्रकारितामा प्रविधिको मनग्गे प्रभाव परेको छ । नेपालजस्तो कम विकसित देशमा पनि आधुनिक सञ्चार प्रविधिको प्रयोगविना पत्रकारिता कर्म असम्भव बन्न पुगेको छ । नेपाली पत्रकारिता क्षेत्रमा पनि प्रविधिगत दक्ष जनशक्तिको मागमा निकै वृद्धि हुन पुगेको अनुभव गर्न थालिएको छ ।

निश्चय पनि आजको पत्रकारिता प्रविधिबाट निर्देशित हुन बाध्य छ भन्दा अनुचित हुँदैन । विशेषगरी इन्टरनेटको विकास भएपछिका दिनमा सञ्चार र पत्रकारिता क्षेत्रमा प्रविधिको हस्तक्षेप बढेको छ र यसका राम्रा–नराम्रा दुवै प्रभाव यस क्षेत्रमा अनुभूत गरिएको छ भन्दा अतिशयोक्ति हुँदैन । इन्टरनेटमा आधारित डिजिटल प्रविधिले पत्रकारिताका माध्यमलाई तीव्र बनाएको छ । प्रभावकारी पनि बनाउने प्रयत्न गरेको छ । आम व्यक्तिमा सूचनाको शीघ्र सम्प्रेषणलाई सहज बनाएको छ । पत्रकारितालाई व्यावसायिक पत्रकारहरूको कित्ताबाट नागरिक पत्रकारिताको कित्तामा पुर्‍याउने काम भएको छ । प्रविधिको प्रयोगले पत्रकारितालाई यति प्रतिस्पर्धी बनाएको छ कि आजको समयमा पत्रकारले कुनै पनि घटना र स्कूप एकछिन पनि 'होल्ड' गर्न सक्दैन । एकजनाले होल्ड गरेछ भने पनि अर्को पत्रकारले त्यस्ता सूचना तत्काल सम्प्रेषण गर्छ । यसो गर्दा उसले सूचनाको सत्य स्थापित गर्न आवश्यक सम्पादकीय प्रक्रिया (एडिटोरियल प्रोसेस) र 'गेट किपिङ' को अवधारणा अनुसरणमा समस्या बोध गरेको हुन सक्छ । यसो हो भने यसले निश्चय पनि समाचारमा विश्वसनीयताको सङ्कट निम्त्याएको छ/निम्त्याउँछ ।

माथि उल्लेख गरिसकियो, वर्तमानमा व्यावसायिक र नागरिक गरी पत्रकारिता दुई कित्तामा विभाजित छ । यसलाई सम्भव बनाएको छ इन्टरनेटमा आधारित डिजिटल प्रविधिले । इन्टरनेटको विकासपछि न्यू मिडिया (नयाँ मिडिया) निकै सशक्त भएर उपस्थित भएको छ । यसले सामाजिक सञ्जाल र अनलाइनको प्रयोगलाई जनसामान्यको पहुँचमा ल्याएको छ । आज सूचना सम्प्रेषणका लागि पत्रकार नै भइरहनुपर्छ भन्ने मान्यता क्रमशः अस्वीकृत भइरहेको छ । तर जनसामान्यको पहुँचमा पुगेका डिजिटल प्लेटफर्महरूमार्फत सम्प्रेषित सूचनाको आँधीबेहरीले सँगसँगै विश्वसनीयताको सङ्कट निम्त्याएको छ, यसमा दुई मत हुन सक्दैन । यसो हुनुको मूल कारण हो, सम्पादकीय प्रक्रियाको अनुसरणमा समस्या । कहाँसम्म भने व्यावसायिकरूपमा पत्रकारिता गर्नेहरूमैं पनि सामाजिक सञ्जाल र अनलाइनको प्रयोग गरी सूचना सम्प्रेषण गर्ने सन्दर्भमा समस्या छ ।

कुनै दुई मत छैन, आजको सन्दर्भमा सामाजिक सञ्जाल पत्रकारिताको अत्यन्त ठूलो निर्णायक अङ्गका रूपमा विकसित भएको छ र हुँदैछ । माथिको विश्लेषणबाट पनि पत्रकारितामा प्रविधिको प्रभाव बुझ्न सकिन्छ । पत्रकारितामा जहिल्यै पनि सन्देश निर्माण र आदानप्रदान महत्त्वपूर्ण मानिन्छ । तर प्रविधिले यसमा नयाँ ढङ्गले बहस निम्त्याएको छ भन्दा असान्दर्भिक ठहरिंदैन ।

–लेखक राससका कार्यकारी अध्यक्ष हुन्



**लहरे तरकारीबाली गोडमेलः** धनगढी उपमहानगरपालिका–९ मा सञ्चालित लहरे तरकारीबाली गोडमेल गर्दै आइपिएम कृषक पाठशालाका महिलाहरू । तस्बिरः मीन ठकुरी/रासस

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थल खुल्यो

काठमाडौं, २० वैशाख/रासस

बाक्लो तुवाँलोका कारण 'भिजिबिलिटी' नपुग्दा बन्द भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल खुलेको छ । विगत चार दिनदेखि रोकिएका उडान आज बिहानदेखि नियमित भएका बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले राससलाई जानकारी दिए । "विगत चार दिनदेखि पोखरा विमानस्थलमा उडान भएको थिएन । आज भिजिबिलिटी पुगेकोले उडान शुरू भएको छ । चार दिनमा दुई दिन त कुनै पनि उडान भएन भने दुई दिन आंशिक मात्रै उडान भयो"–सूचना अधिकारी कर्णले भने ।

मौसममा सुधार आएसँगै आज बिहानैदेखि उडान नियमित भएको उनले बताए । पोखरा आसपासका क्षेत्रमा डढेलो लागेको र तुवाँलोका कारण भिजिबिलिटी नपुग्दा विमानस्थल बन्द भएको जनाइएको छ । चार दिनसम्म उडान नहुँदा यात्रीले वैकल्पिक मार्ग प्रयोग गरेका थिए ।

## सुनको मूल्य तोलामा रु दुई हजारले वृद्धि

काठमाडौं, २० वैशाख/रासस

स्थानीय बजारमा पहेंलो धातुको मूल्य तोलामा रु दुई हजारले वृद्धि भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधवार तोलामा रु एक लाख ३४ हजार पाँच सयमा कारोबार भएको छापावाल सुन आजका लागि भने रु एक लाख ३६ हजार पाँच सय निर्धारण भएको छ ।

यस्तै, बुधवार रु एक लाख ३३ हजार ८५० मा कारोबार भएको तेजाबी सुन आजका लागि रु एक लाख ३५ हजार ८५० निर्धारण भएको छ ।

चाँदीको मूल्य तोलामा रु १५ ले वृद्धि भएको छ । बुधवार प्रतितोला रु एक हजार ६३० मा कारोबार भएको चाँदी बिहीवारका लागि रु एक हजार ६४५ निर्धारण भएको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३




**मन्थली विमानस्थलमा पर्यटकः** सगरमाथालगायत हिमाल आरोहण र पदयात्राका लागि रामेछापको मन्थली विमानस्थलमा लुक्ला उड्ने जहाजको प्रतीक्षामा बसेका विदेशी पर्यटक । तस्बिरः सिबी अधिकारी/रासस

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलद्वारा गाजाको उत्तरी क्षेत्रमा खाद्यान्न पठाउन सहजता



मानवीय सहायता सामग्रीको सुरक्षा गर्दै इजरायली सेना । तस्वीरः रायटर्स

इजरायल, २० वैशाख/एएनआई/टिपिएस

इजरायलले अक्टोबर ७ मा शुरू भएको विनाशकारी युद्धको श्रृङ्खलापछि रोकिएको इरेज क्रसिङमार्फत जोर्डनबाट उत्तरी क्षेत्रमा खाद्यान्न र चिकित्सा आपूर्तिलाई पुनः खुल्ला गरेको छ ।

गाजाको उत्तरी सीमामा अवस्थित एकमात्र क्रसिङ क्षेत्रमा सामान भरिएका ३० वटा ट्रक पठाइएको हो । युद्धअघि पैदलयात्री यातायातका लागि एकमात्र क्रसिङ प्वाइन्टका रूपमा सञ्चालनमा थियो । आक्रमण पहिले, मुख्यतया कूटनीतिज्ञ, सहायता कर्मचारी र पत्रकारहरू र प्यालेस्टिनीहरूले उक्त मार्ग प्रयोग गर्थे भने ट्रकहरू जस्ता मालवाहकले गाजापट्टीको दक्षिणी छेउमा केरेम शालोम क्रसिङ प्रयोग गर्थे ।

इन्जिनीयरिङ एकाइहरू र अतिरिक्त आइडिएफ सेनाहरूद्वारा क्षेत्रमा इन्जिनीयरिङको काम पछि इरेज क्रसिङमार्फत मानवीय सहायताको प्रवेश सम्भव भएको थियो । इन्जिनीयरिङ उपकरणहरू प्रयोग गरेर नवीकरण गरिएको क्रसिङ पहिले नागरिक क्रसिङको रूपमा मात्र प्रयोग गरिएको थियो ।

सेनाले यस क्षेत्रमा निरीक्षण र सुरक्षा पूर्वाधार निर्माण गरी सीमाका इजरायली र गाजा दुवै छेउमा सडकहरू पक्का गरेपछि गाजा पट्टीको उत्तरी भागमा पर्याप्त मात्रामा सहयोगको प्रवेशलाई सक्षम बनायो ।

मार्चमा इजरायली सैनिकहरूले गाजामा फेला परेको सबैभन्दा ठूलो सुरुङको विध्वंश गरी इरेज सीमा क्रसिङसम्म तथा हमासको छेउमा थियो ।

अक्टोबर ७ मा गाजा सीमानजीकै इजरायली समुदायहरूमा हमासको आक्रमणमा कम्तीमा एक हजार दुई सय मानिस मारिएका थिए भने २४० इजरायली र विदेशीलाई बन्धक बनाइएको थियो । रासस

## दुर्घटनापछि उद्धार कार्य र सुरक्षा सुधारको निर्देशन

बेइजिङ, २० वैशाख/सिन्हवा/रासस

चिनियाँ राष्ट्रपति सि जिनपिङले दक्षिणी चीनको गुआङडोङ प्रान्तमा एक्सप्रेस–वे दुर्घटनापछि शीघ्र उद्धार र विपद् राहत कार्यका लागि निर्देशन दिएका छन् ।

चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्ष सिले घटनास्थलमा उद्धार, घाइतेको उपचार र त्यसपछिको अवस्था व्यवस्थापन गर्न सबै प्रयास गर्न निर्देशन दिएका छन् ।

सो प्रान्तको मेझोउ शहरको मेझोउ–डाबु एक्सप्रेस–वेको चयाङ खण्डमा भूस्खलन हुँदा बिहीवारसम्म प्रकोपले ३६ जनाको मृत्यु हुनुका साथै ३० जना घाइते भएको स्रोतले जनाएको छ ।

उनले भने–"क्षतिग्रस्त सडक मरम्मत गर्न र ट्राफिक व्यवस्था सकेसम्म छिटो पुनःस्थापना गर्ने प्रयास गर्नुपर्छ, सबै क्षेत्र र सम्बन्धित विभागले दायित्व पूरा गर्न अनुगमन र चेतावनी सुदृढ पारी आपतकालीन सुधार गर्नुपर्छ । प्रमुख क्षेत्रका जोखिम अनुसन्धान गरी जनताको जीवन र सम्पत्तिको सुरक्षासहित सामाजिक स्थिरता सुनिश्चित गर्नुपर्दछ ।"

## अफगानिस्तानलाई विश्व बैंकबाट ८४ मिलियन सहयोग

अफगानिस्तान), २० वैशाख/एएनआई

अफगानिस्तानले देशमा चलिरहेको मानवीय सङ्कटबीच विश्व बैंकबाट ८४ मिलियन अमेरिकी डलर सहयोग प्राप्त गरेको टोलो न्यूजले जनाएको छ ।

उक्त सहयोग आर्थिक सङ्कटसँग जुध्न, जीविकोपार्जन परियोजना प्रदान गर्न, अफगान महिलाहरूलाई सहयोग गर्न, जलवायु परिवर्तन सम्बोधन गर्न तथा आप्रवासीहरूलाई सहयोग गर्न प्रयोग गरिने विश्व बैंकले जनाएको छ ।

परियोजना सन् २०२२ मा ग्रामीण र शहरी क्षेत्रमा आजीविका सहयोग र सेवाहरू प्रदान गर्न, महिला र सबैभन्दा कमजोरका लागि सामाजिक अनुदानलाई समर्थन गर्न र समावेशी सेवा वितरणका लागि सामुदायिक संस्थाहरूलाई सुदृढ पार्न एआरटिएफबाट २६ करोड ५० लाख डलरको अनुदानका साथ शुरू भएको बैंकको विज्ञप्तिमा उल्लेख छ ।

अर्थ मन्त्रालयले विश्व बैंकको सहयोगलाई स्वागत गर्दै आर्थिक विस्तार र परियोजना संशोधनहरूलाई सहयोग गर्न सक्ने बताएको छ, जसको परिणामस्वरूप देशमा रोजगार सिर्जनामा योगदान पुग्नेछ ।

परियोजना कार्यान्वयन भएपछि रोजगार सिर्जना, शहरी र ग्रामीण क्षेत्रमा सेवा वितरणमा सुधार ल्याउन तथा आप्रवासी समस्या सम्बोधन गर्न सकिने तालिबानी अर्थ मन्त्रालयका प्रवक्ता अब्दुल रहमान हबीबले बताए ।

यसैबीच काबुलका नागरिकले हालको परिस्थिति ध्यानमा राख्दै अझ बढी सहयोग आवश्यक रहेको बताउँदै यसलाई खुलारूपमा दिनुपर्ने माग राखेको टोलो न्युजले जनाएको छ ।

अफगानिस्तानमा मानिसहरू गरीब तथा निराश्रित भई महीनामा तीन दिन मात्र काम पाउने अवस्थामा छन् । काबुलका बासिन्दा उमर अलीले आफ्नो घरमा दसजना आश्रित भएको तथा डेढ वर्षदेखि भाडाका लागि ऋणमा डुबेको बताए ।

तालिबानले अफगानिस्तानमा पुनः अधिकार प्राप्त गरेपछि विश्व बैंकसहित अधिकांश अन्तर्राष्ट्रिय संस्थाहरूले अफगानिस्तानमा काम गर्न छोडेका छन् । यी संस्थाहरूको पुनः सञ्चालनले अफगान अर्थतन्त्रलाई बढावा दिने अनुमान गरिएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – शत्रुभय | वृश्चिक – कार्यनाश |
| धनु – भयचिन्ता | मकर – विजय |
| कुम्भ – धनखति | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



बूढी भएर पनि सकेको श्रम गर्नुपर्छ भन्दै चौपायाको गोठालो लाग्दै कोल्हवीका स्थानीय । बस्तीनजीकैको वन क्षेत्रमा चरिचरणका लागि पशु चौपाया धपाउँदै । जतातत‌ै वनमा डढेलो लाग्नाले झन्डै दुई महीनायता चरिचरणको अभाव छ । तस्वीरः जीतलाल श्रेष्ठ

## काठमाडौं बन्यो सबैभन्दा प्रदूषित शहर

काठमाडौं, २० वैशाख/रासस

काठमाडौं आज फेरि वायु प्रदूषणको हिसाबले विश्वकै पहिलो प्रदूषित शहरका रूपमा सूचीकृत भएको छ । 'एयर क्वालिटी इन्डेक्स' को आजको तथ्याङ्क अनुसार समग्र वायु गुणस्तर सूचकाङ्क (एक्युआई) १६२ पुगेको छ ।

एयर क्वालिटी इन्डेक्स' का अनुसार दोस्रो प्रदूषित शहरका रूपमा थाइल्याडको चियाङ माई शहर सूचीकृत भएको छ । यसैगरी इन्डोनेशियाको मेदान तेस्रो प्रदूषित शहरका रूपमा सूचीकृत रहेको छ ।

सुक्खा यामसँगै बढ्दै गइरहेको तापक्रम वृद्धि र मुलुकको विभिन्न स्थानमा लागेको वन डढेलोका कारण वायुप्रदूषण पनि बढिरहेको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आज ३९ जिल्लाका १६५ स्थानमा वन डढेलो लागेको छ ।

डढेलोविद् सुन्दर शर्माले मुलुकको विभिन्न स्थानमा लागिरहेको वन डढेलोसँगै प्रदूषण पनि बढिरहेको जानकारी दिएका छन् । "वनमा लागिरहेको डढेलोका कारण अहिले वायु प्रदूषण बढेर काठमाडौंलगायत मुख्य शहरका हावा अस्वस्थ बनेको छ"–उनले भने–"केही समय पानी नपरे वन डढेलो पनि नियन्त्रणमा ल्याउन गाह्रो हुने र प्रदूषण अझै बढ्ने खतरा रहेको छ ।" तर जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार केही स्थानमा छिटपुट वर्षा भए पनि तत्कालका लागि राम्रो वर्षाको सम्भावना छैन ।

विपत् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआई ५० राम्रो अर्थात् ग्रीन सिङ्गलले चिनिन्छ । "५१ देखि एक सयसम्मको एक्युआईलाई होशियार रहू अथवा पहेंलो सङ्केतले चिनिन्छ । यसैगरी १०१ देखि १५० सम्मलाई अस्वस्थ, जसले श्वासप्रश्वास र मुटुरोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ"–उनले भने–"१५१ देखि २०० एक्युआइलाई पनि अस्वस्थ तर सबैलाई असर गर्छ भन्ने बुझिन्छ । २०१ देखि ३०० सयलाई धेरै अस्वस्थका रूपमा लिइन्छ र ३०१ देखि ४०० लाई खतरनाक र ४०१ देखि ५० लाई धेरै खतरा मानिएको छ ।"

बढ्दो वन डढेलोका कारण वायु प्रदूषण पनि बढिरहेको भन्दै वन डढेलो जतिसक्दो छिटो नियन्त्रण गर्न नसके प्रदूषण बढेर आपत्कालीन अवस्थामा पुग्ने बताउँछन् वातावरण अभियन्ता राजन थापा । काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआईको मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्का रूपमा लिने बताएको छ ।

यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा व्यापक भ्याकुम प्रयोग गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ ।

## नाबालिका हत्या आरोपमा छिमेकी आमा–छोरी पक्राउ

सिराहा, २० वैशाख/रासस

नाबालिका हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले सिराहा नगरपालिका–१९ जरूवा लक्ष्मीनियाँ टोलका आमा–छोरीलाई पक्राउ गरी कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएको छ ।

स्थानीय रमेशकुमार यादवको करीब तीन वर्षीया छोरी रियाकुमारी यादवको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले छिमेकी धनिकलाल यादवकी पत्नी सोनादेवी यादव र छोरी पूजाकुमारी यादवलाई वैशाख १४ मा घरबाट पक्राउ गरी कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएको हो ।

जिल्ला प्रहरी कार्यालय, सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाका अनुसार दुवै आमाछोरीविरुद्ध ज्यानसम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा सिराहा जिल्ला अदालतबाट वैशाख १५ गतेदेखि लागू हुनेगरी पहिलोपटक सात दिनको म्याद लिई जिल्ला प्रहरी कार्यालयबाट थप अनुसन्धान भइरहेको छ ।

प्रहरीका अनुसार वैशाख १२ गते बिहानदेखि हराएकी नाबालिका खोजी गर्दासमेत फेला नपरेपछि प्रहरीमा उजूरी परेको थियो । त्यसपछि प्रहरीसहित स्थानीय गाउँलेले खोजतलाश गर्ने क्रममा तीन दिनपछि वैशाख १४ गते राति करीब साढे ११ बजेतिर छिमेकी धनिकलाल यादवको घरको छतमा जाने मसुरोको झ्याङ्टाभित्र नाबालिकाको शव कालो बोरामा लुकाएको अवस्थामा भेटिएको थियो ।

पछिल्लो एक वर्षदेखि पारिवारिक झै–झगडाको रिसइवी साँध्न धनिकलाल यादवको घरआँगनमा खेल्दै पुगेकी नाबालिकालाई पसलबाट किनेर ल्याएको बिस्कुट खुवाएर फकाउँदै घरभित्र पुऱ्याएर आमा छोरीले घाँटी थिची हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

घटनाको तीन दिनपछि नाबालिका हत्या आरोपमा आमाछोरी पक्राउ परेपछि धनिकलाल फरार रहेकाले खोजी भइरहेको प्रहरीले बताएको छ । यस घटनाको अघिल्लो दिन सखुवाननकारकट्टी गाउँपालिका–५ की ३४ वर्षीया सरिता कुमारी साहविरुद्ध प्रहरीले आफ्नै छोराको हत्या गरेको आरोपमा पक्राउ गरी कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएको थियो ।

### नबिल बैंक ...

सम्मेलन गरी वीरगंजको नबिल बैंकबाट भएको चोरी एवं लुटपाटको घटनामा एकजना महिलासहित तीनजनालाई पक्राउ गरिएको जनाएका छन् ।

मोतिहारी पुलिस मातहतको तीनजना डिएसपीहरूको संयुक्त कमान्डमा खटेको टोलीले पूर्वी चम्पारण जिल्ला झरोखर बस्ने मन्टुकुमार र अर्जुनकुमार दरपा बस्ने सबितादेवीलाई पक्राउ गरिएको एसपी कान्तेश कुमारले बताए । उनीहरूलाई प्रहरीले बुधवार सार्वजनिक गरेको थियो ।

मोतिहारी पुलिस मातहतको पकडीदयालका डिएसपी सुबोधकुमार, सिकरहनाका डिएसपी अशोककुमार र रक्सौलका डिएसपी धीरेन्द्रकुमारको संयुक्त प्रयासमा पक्राउ परेका तीनजनाको साथबाट एउटा बन्दूक, कार्तुस २ थान, सुनको औंठी, पल्सर मोटरसाइकल, मोबाइल २ थान, सिसिटिभि क्यामेरा २ थान र फुटेज, ग्याँस कटरसहित ड्रिल मेशीन तथा र नेरू १८ लाख २३ हजार २ सय बरामद भएको मोतीहारी पुलिसले जनाएको छ ।

औंठी र मोटरसाइकल चोरीको पैसाबाट खरीद गरिएको अनुसन्धानबाट खुलेको छ । उनीहरूको बिहारको ढाका र चिरैयास्थित इलेक्ट्रोनिक र हार्डवेयर पसलमा भएको लुटपाट तथा वीरगंजका एकजना हुन्डी व्यवसायीको ४० लाख रकम चोरीको घटनामा समेत संलग्नता रहेको सोधपुछबाट पत्ता लागेको छ । बिहारमा अहिले लोकसभा चुनावको कारण कडा निगरानी गरिएको छ । पर्सा प्रहरीले पक्राउ गरेको अभियुक्तबाट कति रकम र के समान बरामद गरेको छ, उक्त कुरा पत्रकार सम्मेलनमार्फत जानकारी दिनेछ ।

नबील बैंकबाट एक करोड ३२ लाख ६५ हजार चोरी भएको थियो । बैंकको फल्ट कक्षमा राखिएको फलामे पेटीबाट सो रकम चोरी भएको थियो । चोरहरूले फल्ट काट्न सकेका थिएनन् । त्यसमा पाँच करोड जति रकम थियो ।

## कपडा बरामद

प्रस, वीरगंज, २० वैशाख/

सशस्त्र प्रहरीले सात लाख ३३ हजार मूल्य बराबरको कपडा बरामद गरी वीरगंज भन्सार बुझाएको छ ।

वीरगंज–१६ बाँसझाङ र भूटनदेवी इलाकाबाट प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटेको टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट अवैधरूपमा, भन्सार छलेर नेपाल ल्याउँदै गरेको सात लाख ३३ हजार मूल्य बराबरको कपडासहित दुईजनालाई पक्राउ गरेको छ ।

### सूचना ...

उद्योगको प्रवर्द्धनमार्फत गर्दै देशको अर्थतन्त्रलाई सुदृढ गर्ने लागयतका विषयहरू सरकारको प्राथिमिकतामा छन् ।"

सञ्चार तथा सूचना प्रविधिको विकास, विस्तार र प्रयोगबाट नै आर्थिक, सामाजिक रूपान्तरण गर्न सकिन्छ भन्ने सरकारको विश्वास रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले सोहीअनुरूप नै 'डिजिटल नेपाल फ्रेमवर्क, २०७६' लाई पुनरावलोकनसहित कार्यान्वयनमा ल्याउने रणनीति लिइएको बताए ।

# ठोरीको छोटी भन्सार पुनः सञ्चालन

माधव तिमल्सिना, ठोरी, २० वैशाख/

ठोरी गाउँपालिका–२ स्थित अमृतधारा छोटी भन्सार कार्यालय पुनः सञ्चालनमा आएको छ । कर्मचारी अभावमा लामो समयदेखि बन्द सो छोटी भन्सारको बुधवार भरतपुर महानगरपालिकाकी प्रमुख रेणु दाहालले उद्घाटन गरेकी हुन् ।

पर्साको सुदूरपश्चिममा रहेको ठोरीस्थित छोटी भन्सार कार्यालयको भवन छ वर्षअघि बने पनि कर्मचारी नहुँदा सञ्चालनमा आएको थिएन, जसले गर्दा राजस्व चुहावट हुँदै आएको थियो । वीरगंज भन्सार कार्यालय मातहत सो छोटी भन्सार सञ्चालन नहुँदा ठोरी र विशेषगरी चितवनको माडीका जनतालाई सास्ती हुने गरेको थियो ।

ठोरीसँग सिमाना जोडिएको भारतको भिखना ठोरीमा भन्सार कार्यालय नभए पनि एकतर्फीरूपमा नेपालमा सो भन्सार कार्यालय सञ्चालनमा आएको हो । विशेषगरी भारतबाट खाद्यान्न, लत्ताकपडालगायत सामान ठोरी भएर आउने गरेको भएपनि भन्सार नहुँदा स्थानीयवासीलाई समस्या हुने गरेको थियो ।

भन्सार कार्यालय पुनः सञ्चालनमा आएपछि राजस्व चुहावट रोकिने बताइएको छ । यस्तै, ठोरी भएर प्रवेश गर्ने सवारीसाधनलाई नेपालमा भन्सार गर्नसमेत वीरगंज नै पुग्नुपर्ने बाध्यता पनि अब हट्ने भएको छ । वर्षमा ३० दिनसम्म भारतीय सवारीलाई अस्थायी आवतजावत गर्न तथा एकपटकमा १० हजारसम्म घरायसी प्रयोजनका सामानमा भन्सार तिर्न सहज हुनेछ ।

भन्सार कार्यालयको उद्घाटन गर्नुअघि आयोजित कार्यक्रममा भरतपुर महानगर प्रमुख दाहालले भन्सार कार्यालयलाई महानगरका तर्फबाट गर्नुपर्ने सम्पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरिन् । यस्तै, बागमती प्रदेशसभा सदस्य


तस्वीरः प्रतीक

ठाकुरप्रसाद ढकालले छोटी भन्सारको निरन्तरताको निमित्त ठोरीका जनप्रतिनिधि र स्थानीयको महत्त्वपूर्ण भूमिका रहने बताए ।

कार्यक्रममा ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले भन्सार कार्यालय सञ्चालनमा पहल गर्ने सबैलाई धन्यवाद दिंदै पालिकाको तर्फबाट भन्सार कार्यालयलाई आवश्यक सहयोग गर्ने बताए । यस्तै, भन्सारकै कारण स्थानीयलाई दैनिक उपभोग्य सामान ल्याउन सास्ती नहोस् त्यसतर्फ सबै सजग रहनुपर्नेमा उनको जोड थियो । कार्यक्रममा माडी नगरपालिकाकी प्रमुख ताराकुमारी काजीमहतो, भन्सार विभाग प्रमुख ढुण्डीराज निरौलालगायतले मन्तव्य व्यक्त गर्दै छोटी भन्सारको दिगोपनको निमित्त स्थानीय जनप्रतिनिधि, स्थानीयवासीले साथ दिनुपर्नेमा जोड दिएका थिए । पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी, ठोरी गापाका पूर्वअध्यक्ष पदमलाल श्रेष्ठलगायत ठोरीका जनप्रतिनिधि एवं स्थानीय विभिन्न दलका नेता, कार्यकर्ताहरूको सहभागिता थियो ।

कार्यक्रममा समृद्ध ठोरी अभियानका संयोजक प्रकाश खनालले ठोरी छोटी भन्सारलाई अविलम्ब स्तरीकरण गर्न भरतपुर महानगरकी प्रमुख दाहालमार्फत प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएका थिए । सो अवसरमा संयोजक खनालले महानगरप्रमुख दाहाललाई मायाको चिनो हस्तान्तरण गरेका थिए ।


## श्रमिकको अधिकार सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मूल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्य वातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहार्दपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

"श्रमको सम्मान, राष्ट्रको अभियान"

अन्तर्राष्ट्रिय श्रमिक दिवस भव्यरूपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

## विष्णुको मूर्ति भेटियो

प्रस, सिम्रौनगढ, २० वैशाख/

प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं


तस्वीरः प्रतीक

धार्मिकस्थल बाराको सिमरौनगढ नगरपालिका–६ सानो इटवालमा विष्णु भगवान्‌को मूर्ति फेला परेको छ ।

बुधवार ४ बजे पोखरीको सरसफाइ गर्ने क्रममा सो मूर्ति फेला परेको स्थानीय सुरेश महतोले बताए । चार फिट लामो र २.५ फिट चौडा मूर्ति सफा गरी हनुमान मन्दिरमा राखिएको छ ।

सिम्रौनगढ क्षेत्रमा प्रायःजसो ऐतिहासिक, पुरातात्त्विक र धार्मिक प्रतिमाहरू भेटिने गरेको छ । हरिहरपुर, कचोर्वा, खजानी, झवानी, ननसगरा ढाँट, अमृतगंज, नैकाटोला गाउँमा यस्ता धरोहर भेटिने गरेको छ ।

# खेलकूदको संसार

## वेस्ट इन्डिज 'ए'लाई टी–२० शृङ्खलाको उपाधि

काठमाडौं, २० वैशाख/रासस

नेपालसँगको टी–२० शृङ्खलाको उपाधि वेस्ट इन्डिज 'ए'ले जितेको छ । एक खेलअगावै वेस्ट इन्डिज 'ए'ले सो उपाधि ३–१ ले आफ्नो पक्षमा पारेको हो ।

पाँच खेलको शृङ्खला अन्तर्गत बिहीवार भएको चौथो खेलमा वेस्ट इन्डिज 'ए'ले नेपाललाई २८ रनले पराजित गरेको




हो । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै २०९ रनको योगफल बनायो । २१० रनको विजयी लक्ष्य पछ्याएको नेपालले २० ओभरमा सबै विकेट गुमाएर १८१ रन मात्र बनायो ।

वेस्ट इन्डिज 'ए'का लागि आन्द्रे फ्लेचरले सर्वाधिक ८४ रनको योगदान दिए । उनले ५४ बल खेल्ने क्रममा नौ चौका र चार छक्का प्रहार गरे । यस्तै, जोनसन चार्ल्सले ३० बलमा छ छक्का र तीन चौकाको मदतमा ५८ रन बनाए । फाबियन एलनले अविजित ३३ रन बनाए ।

बलिङतर्फ नेपालका लागि कुशल भुर्तेलले दुई तथा प्रतीश जिसीले एक विकेट लिए । नेपालका लागि १८१ रन बनाउने क्रममा कप्तान रोहितकुमार पौडेलले ८२ रनको योगदान दिए । उनले ४७ बल खेल्दै सात चौका र पाँच छक्का हिर्काए । वेस्ट इन्डिज 'ए'सँगको पहिलो खेलमा उनले ११२ तथा दोस्रो खेलमा अविजित ७१ रन बनाएका थिए । तेस्रो खेलमा भने कप्तान पौडेललाई आराम दिइएको थियो ।

बलिङतर्फ वेस्ट इन्डिज 'ए'का हेडन वाल्स र म्याथ्यु फर्डले तीन/तीन तथा फेबियन एलेन र गुडाकेश मोटीले दुई/दुई विकेट लिएका थिए ।

जारी शृङ्खला अन्तर्गत नेपाल र वेस्ट इन्डिज 'ए'बीचको अन्तिम खेल शनिवार हुनेछ ।

## सङ्घर्ष समितिले ३८ कट्ठा जग्गामा चैतेधान लगायो

प्रस, पर्सागढी, २० वैशाख/

मिटरब्याजी तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समितिले आन्दोलनस्वरूप चैते धानखेती गराएको छ ।

पर्सागढी नगरपालिका–२ मा बुधवार सङ्घर्ष समितिले स्थानीय गरीब मुखिया बिनको ३८ कट्ठा जग्गामा चैते धानखेती गराएको हो ।

बिनले २०७० सालमा जीतपुरसिमरा उपमहानगर–७ बस्ने पुण्यदेव कलवारसँग रु दुई लाख ब्याजमा कर्जा लिएका थिए ।



सोबापत उनले २१ कट्ठा जग्गा कलवारको नाममा गरेका थिए । सोबापतको सावाँ, ब्याज २०७३ सालमा दुई लाख ५३ हजार तिरेको तर जग्गा भने कलवारले आफ्नो नाममा नगरेको बिनले बताए ।

कुल ३८ कट्ठा जग्गामध्ये २१ कट्ठा जग्गा कलवारले थिचोमिचो गरी आफ्नो नाममा राखेपछि सोमा खेतीपाती भने उनैले गर्दै आएका थिए ।

बीचमा दुई वर्ष कलवारले बटैयामा खेती गराएका थिए र यसपटक सङ्घर्ष समितिले ३८ कट्ठा जग्गामा बुधवार चैते धानखेती गरेको हो ।

## आगलागी र तत्काल राहत



प्रस, सिम्रौनगढ, २० वैशाख/

सिम्रौनगढ नगरपालिका–९ बसवरिया निवासी जगरनाथ महरा चमारको घरमा बुधवार आगलागी भएको छ । चुल्होबाट सल्केको आगोले घर छुँदा खाद्यान्न, दमकल, मोटर, साइकल र नगद गरी २० लाख मूल्य बराबरको क्षति भएको छ । आगलागीमा बबिता महरा र उनकी छोरी घाइते भएका र सिम्रौनगढ नगर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । वारण यन्त्र, स्थानीय र सुरक्षाकर्मीको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको थियो । आगलागीपछि सिम्रौनगढ नगरपालिकाकी उपप्रमुख नजमु शेहर, वडाध्यक्ष रामएकबाल यादव, अवधेश सहनी, समाजसेवी शेख मोतिन घटनास्थल पुगेर पीडितलाई खाद्यान्न, कपडा, खाजा र भाँडाकुँडा वितरण गरेका थिए ।

## भीषण आगलागीमा टोल नै खरानी

प्रस, सर्लाही, २० वैशाख/

सर्लाहीको विष्णु गापा–१, बाराउद्योरण गाउँमा ६० देखि ६५ घर रहेको एक टोल जलेर खरानीमा परिणत भएको छ । स्थानीय अजितकुमार सिंहका अनुसार बिहीवार दिउँसो शत्रुघ्न राउतको घरबाट आगलागी शुरू भएको थियो ।

आगलागी भएपछि उनको घरमा रहेको ग्याँस सिलिन्डर विष्फोट भएपछि आगो गाउँतिर फैलिएको र पटकपटक आधा दर्जन ग्याँस सिलिन्डर विष्फोट हुँदा आगलागीले भीषण रूप लिएको थियो । क्षतिसहित विस्तृत विवरण सङ्कलन भइरहेको प्रहरीले जनाएको छ ।

## राहत वितरण

प्रस, वीरगंज, २० वैशाख/

धोबिनी गाउँपालिका–५ नवकाटोलामा चारजना अग्निपीडितलाई नेपाल रेडक्रस सोसाइटी, पर्साले राहत सामग्री वितरण गरेको छ ।

अग्निपीडित धोबिनी गाउँ निवासी रजाक देवान, रहमत देवान, अमजद देवान र समशाद देवानको घरमा आगलागी भएपछि रेडक्रसले त्रिपाल, सिरक, डसना र भाँडाकुँडालगायत आवश्यकीय सामग्री प्रदान गरेको हो ।

## सवारीसाधनका चालकलाई कारबाई

प्रस, वीरगंज, २० वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले ११० वटा सवारीसाधनका चालकलाई कारबाई गरी एक लाख चार हजार जरिवाना असुलेको छ । बुधवार बाराको विभिन्न ३० वटा स्थानमा सवारीसाधन चेकजाँच गर्ने क्रममा ट्राफिक नियमविपरीत सवारीसाधन चलाएका ११० जना चालकसँग जरिवानाबापत एक लाख चार हजार असुलेको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताएका छन् ।